का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ साउन २०७९,
बुधबार
20 July 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १६५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सत्तारुढभित्र वाम गठबन्धन



पाँच दलीय सत्तारुढ गठबनन्धनभित्रै वाम गठबन्धनको प्रयास भएको छ । नेकपा एमालेसँग गठबन्धन नहुने निष्कर्षमा पुगेर माओवादी, एकीकृत समाजवादी र अन्य वाम नेताहरु सत्तारुढभित्रै वाम गठबन्धन बनाएर आगामी चुनावमा जाने गृहकार्यमा जुटेका हुन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पाँच दलीय सत्तागठबन्धन सत्तारुढभित्रै वाम गठबन्धनको प्रयासमा जुटेका छन् । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सचिवालयमा रहेका पाँच सदस्यले यस्तो प्रयास गर्दै दुई पटक औपचारिक छलफल नै चलाइसके । वाम गठबन्धनका विषयमा मंगलबार पनि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेता झलनाथ खनाल तथा नेकपा एकता राष्ट्रिय अभियानका संयोजक बामदेव गौतमबीच छलफल भयो । नेकपा माओवादी संसदीय दलको कार्यालय सिंहदरबारमा भएको छलफलमा नेताहरुबीच चुनावी गठबन्धनबारे कुराकानी भएको छ । नेताहरुका अनुसार सत्ता गठबन्धनभित्रै वाम गठबन्धन गनुको उदेश्य हो- नेपाली कांग्रेससँग बढी सिटका लागि बागर्नेनिङ गर्ने । उक्त छलफलमा

> सत्तागठबन्धन कायम राख्ने र गठबन्धनभित्रै वामपन्थीहरु मिल्ने कुराकानी भएको छ ।
>
> ■ **माधव नेपाल**
> **अध्यक्ष, एकीकृत समाजवादी**

एमालेलेसँगको सहकार्यको विषयमा पनि छलफल भएको थियो । तर, छलफलले एमालेसँग तत्काल एकता र सहकार्य सम्भव नरहेको निष्कर्ष निकालेको छ । यही कुरा बैठकपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भने 'यो गठबन्धन कायमै राखेर जानुपर्छ । कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर कुराकानी भइरहेको छ । माओवादी केन्द्रका अध्यक्ष

> सत्तागठबन्धन कायमै राखेर जानुपर्छ । कसरी प्रभावकारी बनाउन सकिन्छ भनेर कुराकानी भइरहेको छ ।
>
> ■ **प्रचण्ड**
> **अध्यक्ष, माओवादी केन्द्र**

प्रचण्डले भने ।

एकीकृत समाजवादीका अध्यक्ष नेपालका अनुसार 'गठबन्धन कायम राख्ने र गठबँधनभित्रै वामपन्थीहरु मिल्ने कुराकानी भएको छ ।' उनी नेतृत्वको पार्टीले मंगलबार नै वाम एकताका लागि पहल गर्ने निर्णय गरेको छ । एकीकृत समाजवादीका नेताहरुका अनुसार यो निर्णय एमाले बाहेकका दलहरुसँगको एकताको सन्दर्भमा गरिएको हो ।

अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा मंगलबार सचिवालय बैठक बसेको थियो । जहाँ एमालेको फेरिएको व्यवहारबारे समेत समिक्षा भएको छ । तर, एमालेले कमजोर हुन सक्ने आँकलनमा झुकेको देखाउने गरी जस्तो सुकै निर्णय गरेर फकाएर आफुहरुलाई गलाउने प्रयास गर्ने सक्नेमा सर्तक हुन वर्तमान सत्ता गठबन्धनलाई बलियो बनाएर लैजानुपर्ने मत समेत नेताहरुबाट प्रकट भएको थियो । सोही आधारमा सत्तारुढभित्र वाम गठबन्धनमा जोड दिने निर्णय भएको छ ।

## सरकारी विधेयकमा मन्त्री नै असन्तुष्ट

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

३ साउन, काठमाडौं । सामान्यतया संसदमा सरकारले विधेयक लैजान्छ । त्यसमाथि संसदले छलफल गरेर आवश्यकता र औचित्य पहिल्याएर कानुन बनाउँछन् । यसक्रममा सरकार प्रस्तावित विधेयकको पक्षमा र सांसदहरु त्यसमाथि प्रश्न गर्ने गर्दछन् । सरकारले आवश्यकता र औचित्य पुष्टि गरेपछि सांसदहरु समर्थन जनाउँछन । तर, पछिल्लो समय संसदमा यस्ता दृष्य पनि देखा पर्न थालेका छन् जहाँ प्रस्तावित विधेयकको पक्षमा सांसदहरु र विपक्षमा सरकार उभिन्छ । उदाहरण- पशु स्वास्थ्य तथा पशु सेवा परिषद् गठनसम्बन्धी विधेयक ।

> सामान्यतया सरकारले सरकारी विधेयकमाथि आवश्यकता र औचित्य पुष्टि गर्दै अगाडि बाउन दबाब दिन्छन् । तर, पछिल्लो समय संसदमा कतिपय विधेयकहरुमा प्रस्तावित विधेयकको पक्षमा सांसदहरु र विपक्षमा सरकार उभिन थालेका छन् ।

पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्तालाई नियमन गर्न विधेयक ल्याइएको यो विधेयकको विपक्षमा उभिएका छन् कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादव । मंगलबार प्रस्तावित विधेयकमाथि प्रतिनिधि सभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा छलफलमा स्वमं मन्त्री यादव प्रस्तावित विधेयकका प्रावधानहरुमा असहमत देखिएका हुन ।

तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले २९ मंसिर २०७६ मा ल्याएको 'पशु स्वास्थ्य तथा पशु सेवा परिषद् सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को नाममै विवाद भएको छ ।

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ प्रचलनमा रहँदा रहँदै अर्को विधेयक किन ल्याएको भनी सरोकारवालाह्रले उठेको प्रश्न उठाइरहेका बेला – बाँकी पृष्ठ २ मा



## गाँजा वैधानिकताको बहस !

नेपालको कानूनले अवैध भनेको गाँजालाई वैधानिकता दिनुपर्ने पक्षमा वकालत गर्नेहरु बढ्दो संस्यामा देखिएका छन् । केही नेताहरुको यो अभियानलाई नेपाल चेम्बर अफ कमर्शले पनि साथ दिएको छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

नेपाल चेम्बर अफ कमर्शले गाँजा वैधानिक बनाउन सभामुख अग्निप्रसाद सापकोटा समक्ष अनुरोध गरेको छ । चेम्बर अध्यक्ष राजेन्द्र मल्लसहित पदाधिकारीले गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयकलाई तत्काल अघि बढाउन अनुरोध गरेका हुन् ।

'हामीले सभामुखलाई गाँजा खेतीनियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक अघि बढाउन भनेका छौँ, उहाँ सकारात्मक हुनुहुन्छ, यो नेपालको लागि



आवश्यक पनि हो,' उनले भने । उनीहरुले नेपालमा गाँजाको वैधानिकता अपरिहार्य रहेको र यसबाट अर्थतन्त्र सुधार गर्न सकिने पनि बताएकाछन् ।

उनी मात्रै होइन, नेताहरु विरोध खतिवडा, शेरबहादुर तामाङ्ग, केशब स्थापित, शालिकराम जमकट्टेल, भूमिप्रसाद त्रिपाठी लगायत गाँजा खेती बैधानिक बनाउनुपर्ने वकालत गर्दै आएका छन् । 'गाँजा खेतीबाट हामीले केहीवर्ष भित्रै किसानलाई लखपति हैन करोडपति बनाउने अवधारणा ल्याएकाछौं । हामी ग्यारेन्टी गर्छौं कि हरेक वर्ष एकदेखि दुई रोपनी जग्गामा गाँजा खेती लगाउने किसानले २५ देखि ३० लाख रुपैँयासम्म कमाउँछ । यसको लागि उसले कहीँ जानै पर्दैन', सांसद तामाङ्गले भने ।

उनले क्यान्सर, लुलोलंगडो हुने, मानसिक रोग लगायत रोगको उपचार गर्ने औषधी बनाउन पनि गाँजाको आवश्यकता हुने हुँदा सरकारले छिट्टै यसलाई वैधानिकतादिनुपर्ने बताउँछन् । 'पश्चिमाहरूले जुन औषधिको महत्व आज आएर बुझ्े, आयुर्वेदले त्यो शताब्दीअघि नै थाहा पाइसकेका थियौं । हाम्रा पूर्खाले परापूर्वकालदेखि गाँजाको औषधीप्रयोग गर्दै आएका थिए, त्यसलाई ब्युँताउने अभिभारा अबहाम्रो काँधमा छ । हामीसँग अनुसन्धान – बाँकी पृष्ठ २ मा

### राजपत्रमा क्याविनेटको निर्णय नछापिँदाको पीडा

## सय नपुग्नेको कारोबार रोक्का

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ साउन

वार्षिकरुपमा एक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नसेकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने मन्त्रिपरिषद्को निर्णय राजपत्रमार्फत सूचना सार्वजनिक नहुँदा सम्बन्धित वैदेशिक रोजगार व्यवसायी र उनीहरुमार्फत वैदेशिक रोजगारमा जान लागेका कामदार मारमा परेका छन् । मन्त्रिपरिषद्को असार ३१ गतेको बैठकले वैदेशिक रोजगार ऐन ६४ को दफा ८२ अनुसार बाधा अड्काउ फुकाउ आदेश जारी गरेर गत वर्ष सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नसेकेका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने निर्णय गरेको थियो ।

नेपालको कानूनी व्यवस्था अनुसार सरकारी निर्णय राजपत्रमा प्रकाशित भई सार्वजनिक भएपछि कार्यान्वयनमा आउने गरेको छ । उक्त मितिमा मन्त्रिपरिषद्ले गरेका अन्य निर्णयहरू साउन एक गते नै राजपत्रमा प्रकाशित भएर कार्यान्वयनमा गएपनि वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरण गर्ने सम्बन्धी निर्णय मंगलबार साँझसम्म राजपत्रमा प्रकाशित भएको छैन ।

गत वर्ष असार १४ गते मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐनको दफा ८२ अनुसार बाधा अड्काउ आदेश जारी गर्ने निर्णय गरेकोमा असार २१ गते मात्र नेपाल राजपत्रको अतिरिक्ताङ्कमा छापिएर सार्वजनिक भएपछि कार्यान्वयनमा आएको थियो । यसपटक पनि उक्त सूचना नेपाल राजपत्रमा प्रकाशित हुन गत वर्ष जस्तै एक हप्ताको समय लाग्न सक्ने देखिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव एवम् प्रवक्ता डण्डुराज घिमिरेले बाधा अड्काउ फुकाउने मन्त्रिपरिषद्को निर्णय राजपत्रमा सूचना प्रकाशित गर्न कानून मन्त्रालय पठाइएको मध्यान्हलाई बताए । उनले भने, 'मन्त्रिपरिषद्को निर्णयलाई कानूनी भाषामा व्यवस्थित गर्नुपर्ने भएकाले निर्णय कानून मन्त्रालयमा गएको छ, – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### कर्मचारी सेवक कि शासक ?

**काठमाडौं/मस** : नेपालका अधिकांश कर्मचारी राष्ट्र सेवक हुन् कि शासक ? छुट्याउन गाह्रो छ । अधिकांश कर्मचारीको सोच छ, 'मलाई मन्त्रीले के गर्न सक्छ र ? हदै गरे सरुवा !' यही सोचाइका कारण ती कर्मचारीहरु बेलगाम र गैरजिम्मेवार छन् । प्रशासकले आफूलाई शासक नभई जनताको सेवकको रूपमा काम गरेर देखाउनु पर्ने नेपाल सरकारका प्रायः मुख्य सचिवको भनाइ रहने गरेको छ । निजामती सेवा दिवस वरिपरि यो भनाइ बाक्लै सुनिन्छ ।

तर मन्त्रिपरिषदको निर्णय ढिलो आउँदा र आएको निर्णय पनि कार्यान्वयन गर्न करिमचारीले नमान्दा सय कामदार पठाउन नसकेका व्यवसायी रुनु न हाँस्नुको अवस्थामा पुगे । यसको जिम्मेवारी कसले लिने ? प्रश्न अनुत्तरित – बाँकी पृष्ठ २ मा

**प्रधानमन्त्री देउवाको निर्देशन**

## पूर्वाधार निर्माणलाई गुणस्तरीय बनाउनू

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ साउन ।

नेपालमा हुने पूर्वाधार निर्माणको गुणस्तरीयता निरन्तर प्रश्न उठ्ने गरेको छ । निमाण्र्ण सम्पन्न भएको केही समयमै त्यसको उपयोगमा समस्या आउने गरेका अनेकन दृष्टान्त छन् । एकै वर्षमा दुई पटक सडक पीच गरेको, सञ्चालनमा नआउँदै फुल भत्किएका जस्ता विषय सामान्य जस्तै लाग्ने गरी काम भइरहेका छन् । यसमा कतै न कतै इन्जिनियर पनि जोडिएको हुन्छ । सही डिजाइन नगर्ने, गलत कार्यमा सही भनेर हस्ताक्षर गर्ने प्रवृति इन्विजनियरहरुमा पनि रहेको बताइन्छ । सार्वजनिक रुपमा समेत उठिरहेका यस्ता प्रश्नलाई प्रधानमन्त्री शेरबहादुर देउवाले इन्जिनियर दिवसका अवसरमा भेला भएका प्राविधिकहरुसमक्ष ओकलेनन् मात्रै गुणस्तरीय बनाउन निर्देशन नै गरे ।

> पूर्वाधार निर्माण गुणस्तरीय नभएको भनी उठिरहेको प्रश्नलाई प्रधानमन्त्री देउवाले इन्जिनियर दिवसका अवसरमा भेला भएका प्राविधिकहरुसमक्ष ओकलेनन् मात्रै गुणस्तरीय बनाउन निर्देशन नै गरे ।

मंगलबार ६० औं इन्जिनियर दिवस । नेपाल इन्जिनियर्स एशोसियनले काठमाडौंमा कार्यक्रम आयोजना गरेको थियो । जहाँ उपस्थित भएर प्रधानमन्त्री देउवाले सरोकारवालाहरुबीच समन्वय कायम गरी विकास निर्माणको कामलाई गुणस्तरीय बनाउन सम्बन्धित सबै पक्षलाई सचेत गराएका हुन् ।

जनताको आवश्यकता अनुसार मुलुकको समृद्धिका लागि पूर्वाधार निर्माण गर्न इन्जिनियर हरूको भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै उनले इन्जिनियरह्ल थप क्रियाशील भएर लाग्नुपर्नेमा जोड दिए ।

देशलाई समुन्नत र समृद्ध बनाउन सडक, पुलपुलेसा, जलविद्युत आयोजना, सूचना प्रविधिलगायत पूर्वाधारहरूको विकास आवश्यक हुने प्रधानमन्त्री देउवाको भनाई छ । उनले यस काममा इन्जिनियरहरूले आफ्नो पेसालाई थप व्यवसायिक र विशिष्ट बनाउँदै लैजाने विश्वाससमेत व्यक्त गरेका थिए ।

'राष्ट्रिय विकास र आर्थिक समृद्धिको बाटो कोर्न र जनताका आवश्यकतालाई चाँडै सम्बोधन गर्न राज्यको परिकल्पना अनुसार विकास निर्माणको लागि अग्रणी भूमिका निर्वाह गर्ने इन्जिनियरहरू नै हुन्' उनले भने ।

सुविधासम्पन्न राष्ट्र निर्माणमा इन्जिनियरहरूको योगदान अतुलनीय हुने उल्लेख गर्दै उनले समयको – बाँकी पृष्ठ २ मा

**म्यानपावर चाहियो**

**कुनै उजुर बाजुर नभएको म्यानपावर कम्पनी बेच्न इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला । साथै यो वर्ष संख्या एक सय कटाएको हुनुपर्नेछ ।**

**सम्पर्क: 9848881408/ 9819561771**

# विपद् व्यवस्थापनमा सामूहिक प्रयासको खाँचो

**काठमाडौं/मस–** वर्षायामसँगै हुन सक्ने सम्भावित विपद्का जोखिमलाई दृष्टिगत गरी उद्धार कार्यको योजना, फौजको प्रभावकारी परिचालन, उद्धार तथा प्रतिकार्यका लागि विपद् प्रतिकार्यमा खटिने सबै सरोकारवाला निकायबीच राजधानीमा छलफल भएको छ। एकापसमा समन्वय आवश्यक भएकाले विपद्सँग जोडिने नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पदाधिकारी तथा सुरक्षा निकायका प्रमुखको सहभागितामा नेपाली सेनाले




समन्वयात्मक कार्यक्रम आयोजना गरेको हो।

उक्त समारोहमा प्रधानसेनापति प्रभुराम शर्माले विपद् व्यवस्थापन चुनौतीपूर्ण कार्य रहेकाले कसैको एकल प्रयासबाट सम्भव नहुने भन्दै सबै निकायको भूमिका उत्तिकै महत्वपूर्ण रहेको बताए। उनले कोभिड-१९ को नयाँ भेरियन्टको सङ्क्रमण तथा जलवायु परिवर्तन जस्ता चुनौतीका बीच भविष्यमा विपद् व्यवस्थापनमा विशेष ध्यान केन्द्रित गर्नपर्नेमा जोड दिए।

नेपाली सेना, युद्धकार्य निर्देशनालयले विपद् व्यवस्थापनसम्बन्धी विविध विषयका बारेमा प्रस्तुतीकरण गरेको थियो। सो क्रममा सहभागीहरुले विपद् प्रतिकार्यमा सबैको सामूहिक प्रयोग हुनुपर्नेमा जोड दिइएको थियो।

# आर्थिक विधेयक अघि बढाउन चेम्बरको आग्रह

**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्शले संसदमा विचाराधीन रहेका अर्थतन्त्रसम्बन्धी विभिन्न विधेयक अगाडि बढाउन सभामुखलाई आग्रह गरेको छ। चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले मंगलबार सिंहदरबारमा सभामुख अग्निप्रसाद सापकोटालाई भेटेर मुलुकको अर्थतन्त्रसँग जोडिएका ११ विधेयक अगाडि बढाउन आग्रह गरेका हुन्।



अध्यक्ष मल्लले अर्थतन्त्रसँग जोडिएका धेरैजसो विधेयक रोकिँदा निजी क्षेत्रसँग सम्बन्धित कतिपय समस्या सम्बोधन हुने नसकेको बताए। धितोपत्रसम्बन्धी ऐनलाई संशोधन गर्नेसम्बन्धी विधेयक र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्नेसम्बन्धी विधेयक पनि अर्थ समितिमा छलफलकै क्रममा रहँदा समस्या परेको उनको भनाइ छ।

अध्यक्ष मल्लले बीमासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक पनि अर्थ समितिमा छलफलकै क्रममा रहेकाले सङ्घीय निर्वाचनअघि अर्थसँग सम्बन्धित सबै विधेयक पारित गर्नका लागि पहल गरिदिन आग्रह गरे। 'मुलुकको अर्थतन्त्रलाई चलायन बनाउन एवं प्रतिनिधिसभा र संसदीय विभिन्न समितिमा रोकिएका अर्थतन्त्रसँग सम्बन्धित सबै विधेयकलाई संघीय निर्वाचनअघि पारित गराउन सभामुखलाई आग्रह गर्दछु', उनले भने।

उनले मुलुकमा व्यवस्थित ढङ्गले गाँजाको खेती गर्ने वातावरण बनाउन र उक्त गाँजा निर्यात गरेर व्यापार घाटा कम गर्न सकिने बताए। अध्यक्ष मल्लले गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयकलाई तत्काल अघि बढाउन सभामुखको ध्यानाकर्षण गराए।

भेटमा सभामुख सापकोटाले संसद्मा रोकिएका विधेयक अगाडि बढाउन आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। 'केही विधेयकलाई अघि बढाउन सम्बन्धित निकायमा भनिसकेको छु, बजेटसँग सम्बन्धित विधेयकहरु करिब करिब सकिएको छ। अरु विधेयकलाई पनि अड्काउन हुँदैन भन्नेमा सचेत छु', उनले भने।

## सरकारी...

उक्त प्रश्नलाई थप पेचिलो बनाउने गरी कृषि मन्त्रालयका अधिकारीहरु प्रस्तुत भएका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अधिकारीहरुले पशु चिकित्सा परिषदले गर्दै आएको कार्य र पशु स्वास्थ्य तथा पशु सेवा परिषद् गठन गरेर गर्न खोजिएका कार्यलाई एउटै ऐनले सम्बोधन गर्न सक्दा राम्रो हुने भनी बहसलाई थप पेचिलो बनाइदिएका हुन्।

कृषि मन्त्रालयका सचिव दीपककुमार खरालले पशु स्वास्थ्य तथा पशु सेवा ऐन प्रचलनमा रहेको सांसदहरुलाई स्मरण गराए। 'पशु स्वास्थ्य तथा पशु सेवासम्बन्धी हामीसँग अलरेडी एउटा ऐन छ। पशु सेवा र पशु व्यवसायलाई नियमन र नियन्त्रित गर्न बनेकै ऐन प्रचलित छ' उनले भने।

सचिव खरालले विधेयकको प्रस्तावनामा रहेको शब्दहरुमा समेत घुमाउरो ढंगले असहमति प्रकट गरे। 'यो (प्रस्तावित विधेयक) प्राविधिकहरुलाई नियमन गर्न ल्याइएको विधेयक हो। त्यसकारण पशु सेवा प्राविधिकहरुको सूची दर्ता गर्ने, नियमन गर्ने हो। व्यवसायी भन्ने शब्दले अलिकति अर्कै सेन्स दिने हुनाले प्राविधिक शब्द राख्दा उपयुक्त हुन्छ कि' सचिव खरालले भने। जबकी सरकारले ल्याएको विधेयकमै व्यवसायी, व्यवसाय जस्ता शब्द ठाउँ ठाउँमा उल्लेख छन्।

'पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरुको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवं मर्यादित ढंगले परिचालन गरी प्रभावकारी पशु स्वास्थ्य र पशु सेवा व्यवसायको विकास गर्न पशु स्वास्थ्य तथा पशु सेवा परिषदको स्थापना वाञ्छनीय भएकाले' प्रस्तावित विधेयकको प्रस्तावनामा उल्लेख छ।

विधेयकको दफा १ को (छ) मा पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी भन्नाले 'यस ऐन बमोजिम दर्ता भएका पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी सम्झनुपर्छ' भनिएको छ। यसमा सांसदहरुको प्रश्न छ, 'पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्तालाई नियमन गर्न विधेयक ल्याइएको हो भने किन व्यवसायी भन्ने ?'

सरकारका अधिकारीहरुबाटै पशु चिकित्सा विधेयकको नाम र प्रस्तावनामै असहमति प्रकट भएपछि विधेयक अगाडि बढाउने सन्दर्भमा समिति अप्ठेरोमा परेको स्वयम् समिति सदस्यहरु बताउँछन्। यसको पछाडि विधेयक ल्याउने व्यक्ति, मन्त्री एकै नहुनु, मन्त्रीहरु धेरै फेरिनु रहेको उनीहरुको बुझाइ छ।

समिति सदस्य राधा ज्ञवालीले प्रस्तावित विधेयक संसदमा आएपछि को को मन्त्री भए भनेर उनीहरुको नाम नै सुनाइन्। २१ फागुन २०७६ मा दफावार छलफलका लागि यो विधेयक कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा आएको थियो। त्यसबेला चक्रपाणि खनाल कृषि मन्त्री थिए। उनीपछि घनश्याम भुसाल, पद्मा अर्याल, ज्वाला शाह, महिन्द्र यादव कृषि मन्त्री भए। अहिले मृगेन्द्र कुमार सिंह यादव कृषि मन्त्री छन्। स्वमं मन्त्री यादव प्रस्तावित विधेयकका प्रावधानहरुमा सहमत देखिएका छैनन्।

मंगलबार कृषि समितिमा कृषिमन्त्री यादवले संघीय कानुन बनाउँदा संविधान, प्रचलित व्यवस्था र यसअनुसार प्रदेशले बनाएका कानुनहरुलाई समेत ख्याल गर्नुपर्ने बताएका छन्। 'पाराभेट र ग्रामीण पशु सेवा कार्यकर्तालाई नियमन गर्ने कुरामा संविधानले के भन्छ ? त्यसलाई पनि ख्याल गरौं। लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेश सरकारले पनि यस सम्बन्धी कानुन बनाएर कार्यान्वयनमा लगिसकेको भन्ने छ', मन्त्री यादवले भने।

मन्त्री यादवले भने जस्तै लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशले पशु चिकित्सा सम्बन्धी ऐन जारी गरिसकेका छन्।

लुम्बिनी प्रदेशले पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०७६ बनाएको छ। जसको दफा ९ मा पाराभेटको नियमन स्थानीय तहमा हुने र सो को अभिलेखीकरण प्रदेश मन्त्रालय (प्रदेशको सम्बन्धित मन्त्रालय) मा गरिने उल्लेख छ। 'स्थानीय स्तरमा रही पशुपन्छी उत्पादनका क्षेत्रमा उपचार, भ्याक्सिनेसन, पशुपन्छीजन्य सामग्री बिक्री वितरण गर्ने प्राइभेट पाराभेटहरुको वर्गीकरण तोकिए बमोजिम हुनेछ' पाराभेटको दर्ता, अनुमति, नवीकरण, नियमन र खारेजी सम्बन्धी व्यवस्था रहेको दफा ९(१) मा भनिएको छ।

सुदूरपश्चिम प्रदेशले पशु सेवा तथा स्वास्थ्य ऐन २०७८ बनाएको छ। त्यसको दफा १५ (३) मा पाराभेटले पशु उपचार लगायतका काम गर्न अनुमति लिनुपर्ने व्यवस्था र त्यो तोकिए बमोजिम हुनेछ भनिएको छ।

कृषि मन्त्रालयका सचिव खराल आफूहरु पूर्ववर्ती सरकारले ल्याएको विधेयक फिर्ता लिने भन्दा पनि उचित रुपमा संशोधन भएर संसदले पारित गरोस् भन्ने पक्षमा रहेको बताउँछन्।

'सरकार अविछिन्न उत्तराधिकारी भएका कारण विधेयकको प्रस्तावित व्यवस्था हाम्रो पनि प्रस्ताव भयो। तर, हामी संविधान, संविधानको अनुसूचीको कार्य विस्तृतीकरण, प्रदेश सरकारहरुले कानुन बनाएर कार्यान्वयनमा लगिसकेको अभ्यास बताइदिन्छौं। बाँकी निर्णय स्वमं संसदले गरोस् भन्नेमा छौं', सचिव खरालले भने।

संविधानको अनुसूचीको कार्य विस्तृतीकरणले राष्ट्रिय नीति र मापदण्ड अनुसार पाराभेटको दर्ता, अनुमति, खारेजी, नियमन गर्ने सबै अधिकार प्रदेश सरकारलाई दिएको छ। 'राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन' प्रदेशको एकल अधिकार सूचीमा उल्लेख छ।

## गाँजा...

छ, ज्ञान छ, त्यसलाई प्रयोग गर्ने नीतिमात्र छैन। सरकारले प्रष्टनीति लिनुपर्ने देखिन्छ,' आयुर्वेदविज्ञ डा. डिबी रोकाले भने। 'अन्तर्राष्ट्रिय स्तरमै यसको प्रयोग खुला हुँदै जाँदा हामीले आफ्नो ज्ञान सदुपयोग गर्न सक्यौं भने गाँजाको औषधि निकासी गर्ने सम्भावना रहने उनको भनाई छ।

तर, लागू औषध नियन्त्रण ऐन-२०३३ ले गाँजा खेती, ओसार पसार, भण्डार तथा थन्क्याउने, सेवन गर्ने कार्य गैरकानुनी भनेको छ। उल्लिखित कार्यमा संलग्न हुनेलाई कानुनले दण्डनीय भनिएको छ। २५ बोटसम्म गाँजाका खेती गर्ने व्यक्तिलाई ३ महिना कैद वा ३ हजार जरिवाना र २५ बोट भन्दा बढी गाँजा खेती गर्नेलाई ३ वर्षसम्म कैद वा ५ हजारदेखि २५ हजार जरिवाना हुने ऐनमा व्यवस्था छ।

गाँजा उत्पादन तयारी, खरिद, बिक्री- वितरण वा पैठारी, ओसार पसार तथा सञ्चय गर्ने व्यक्तिलाई ५० ग्रामसम्म भए ३ महिना कैद वा ३ हजार रुपैयाँसम्म जरिवाना, आधा केजीसम्म ३ महिनादेखि १ वर्षसम्म कैद र ५ हजारदेखि २५ हजारसम्म जरिवाना ऐनमा व्यवस्था गरेको छ। १० किलोग्राम भन्दा माथि जतिसुकै भएपनि २ वर्षदेखि १० वर्षसम्म कैद र १५ हजारदेखि १ लाख रुपैयाँसम्म जरिवाना हुने ऐनमा व्यवस्था छ।

नेपालमा गाँजा खेतीलाई कानुनी वैधता दिन२०७६ फागुन १९ गते संघीय संसद्मा गाँजा खेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक पेश भएको थियो।

## राजपत्रमा...

उतैबाट ड्राफ्ट भएपछि राजपत्रमा प्रकाशित हुनेछ।'

उता वैदेशिक रोजगार विभागले गत आर्थिक वर्ष सय जना कामदारको अन्तिम श्रम स्वीकृति लिन नसकेका म्यानपावर कम्पनीको कारोबार विभागको वैदेशिक रोजगार सूचना प्रणालीमा रोकिदिएको छ। विभागले कारोबार रोकेपछि करिब २ सय ५० म्यानपावर कम्पनीको अन्तिम श्रम स्वीकृति लगायतका सबै काम आइतबारदेखि नै रोकिएको छ। कम्पनीको इजाजतपत्र नवीकरण हुँदा राहत महसुस गरेका व्यवसायी कारोबार रोकिँदा समस्यामा परेका छन्।

कतिपय व्यवसायीले समयमा श्रम स्वीकृति नपाउँदा नन् रिफण्ड अर्थात् फिर्ता नहुने शर्तमा लिइएको हवाई टिकट पनि खेर जाने गुनासो गरेका छन्। सामान्यतः अन्तिम स्विकृति लिइसकेपछि मात्र कामदारको हवाई टिकट निश्चित गर्नुपर्ने हो। तर, अनिश्चित हवाई टिकटको मूल्य र टिकटको सम्भावित अभावलाई मध्यनजर राखेर कामदारहरु समयमै कम्पनीमा पुगुन् भन्ने उद्देश्यले व्यवसायीहरुले अन्तिम स्विकृति भन्दा पहिले हवाई टिकट निश्चित गरेका हुन्छन्।

मन्त्रालयमा मन्त्री परिवर्तन भएको र त्यहाँ कार्यरत उच्च पदस्थ कर्मचारीले विषयवस्तुको गाम्भीर्यताका विषयमा नयाँ मन्त्रीलाई जानकारी नगराउँदा मन्त्रिपरिषदबाट त्यससम्बन्धी निर्णय हुन ढिलाइ भएको कतिपयको आंकलन छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले समयमै फाइल सदर गरेको भएपनि समय घर्किँदै गएको अवस्थामा मन्त्रालयका कर्मचारी त्यसलाई अघि बढाउन सक्रिय नभएपछि त्यससम्बन्धी फाइल बोकेर वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल ढकाल नै कहिले कानून मन्त्रालय त कहिले श्रम मन्त्रालय ओहोरदोहोर गर्दा असिनपसिन् भएका थिए।

## प्रधानमन्त्री...

गतिसँगै इन्जिनियरिङ पेसालाई थप व्यवसायिक र विशिष्ट बनाउँदै राष्ट्रिय आवश्यकता पूर्ति हुनेगरी विकास गर्दै जानुपर्ने खाँचो औंल्याए।

उनले थपे, 'देशलाई समुन्नत र समृद्ध बनाउन पूर्वाधार हरूको विकासको आवश्यकता हुन्छ। त्यस्ता संरचना गुणस्तरीय तरिकाले निर्माण गर्नु आजको आवश्यकता हो।'

## पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**पाँचखाल, काभ्रेपलान्चोक**
**बागमती, प्रदेश, नेपाल**

### आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/०४**

पाँचखाल नगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १० र अनुसूची (६) (क) को अधीनमा रही क्रमशः विज्ञापन कर संकलन, पार्किङ्ग शुल्क संकलन गर्न र तिनपिप्ले - शेराबेशी, तामाघाट - बोहोरेदोभान, तामाघाट - शिखरपुर र समाजकल्याण (न.पा.भवनको पश्चिम तर्फवाट १०० मि.अगाडि देखि) - अनैकोट सडकमा, सडक मर्मत सम्भार शुल्क संकलनको लागि ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी प्रचलित ऐन, कानुन वमोजिम ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही ३० (तिस) दिन भित्र छुट्टाछुट्टै शिलबन्दि बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
थप जानकारीको लागि पाँचखाल नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. २०७८/०७९ का लागि कायम न्यूनतम अंक (रु) (मु अ कर बाहेक) | बोलपत्र फाराम दस्तुर (रु) | धरौटी/ जमानत रकम | खोल्ने समय (दिउसो) |
|---|---|---|---|---|---|---|
| 1 | PMIR/01/ 2079/080 | सडक मर्मत सम्भार शुल्क | ३५,००,०००/- | २,०००/- | १,७५,०००/- | १:०० बजे |
| 2 | PMIR/02/ 2078/079 | पार्किङ्ग शुल्क संकलन पलाञ्चोक भगवति मन्दिर परिसर | ३,००,०००/- | १,०००/- | १०,०००/- | २:०० बजे |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. यस सम्बन्धी बोलपत्र फारम रु.१,०००।– (एक हजार मात्र) तथा २,०००।-(दुई हजार) (पछि फिर्ता नहुने) तिरी पाँचखालनगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ।
२. धरौटी बापत कबोल गरेको अंङ्को ५ प्रतिशत रकम यस कार्यालयको नेपाल बैंक लि. को खाता नं. १२४०३००००३०००००००१ मा नगद दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
३. बोलपत्र खरिद गर्दा लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजश्व शाखामा तिरी सो को सक्कल रसीद वा नेपाल बैंक लि. मा रहेको यस पाँचखाल नगरपालिकाको खाता नं.१२४०३०००००१००१००००१ मा दाखिला गरी सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नुपर्नेछ।
४. ३० औं दिन (मिति २०७९/०५/०२) सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औं दिन १२:०० बजे भित्र कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। सो दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन निर्धारित समयमा खोलिनेछ।
५. ठेक्का सम्झौता गर्दा नै सम्पूर्ण रकम अग्रीम भुक्तानी गरेमा कबोल अंकको ५% ले हुन आउने रकम छुट हुनेछ।
६. यो सूचना यस कार्यालयको website www.panchkhalmun.gov.np मा हेर्न सकिने छ।
७. यस सूचनामा नपरेका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र पाँचखाल नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम हुनेछ।
८. बोलपत्र स्विकृत गर्ने, नगर्ने अधिकार कार्यालयको हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


**ZERO COST RECRUITMENT FOR MALAYSIA!!**
**(मलेसियाको लागि शुन्य लागतको रोजगार)**

Free Visa, Free Ticket, Free Service Charge
Free Medical, Free PCR, Free Transportation (After Selection) And Free Logding-fooding
(फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल फ्रि पिसिआर, फ्रि यातायात (छनौट पछी) र फ्रि आवास)

1. रोजगारदाता कम्पनी : (Employer Company) : **BIOPRO (M) SDN. BHD.**

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः Pre Approval Date: | २०७९/०३/२८ 2022/07/12 | चलानी नं.: Invoice No.: | ६०१८३२८५ 60183285 | एल टि नं.: L.T. No.: | २६७१५१ 267151 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | सामान्य कामदार General Worker | १५० 150 | 0 | स. काममा दक्ष | १,५०० 1500 | ४३,००५ 43,005 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

2. रोजगारदाता कम्पनी : (Employer Company) : **LAGLOVE (M) SDN. BHD.**

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः Pre Approval Date: | २०७९/०३/३१ 2022/07/15 | चलानी नं.: Invoice No.: | ६०१८३२८४ 60183284 | एल टि नं.: L.T. No.: | २६६८०५ 266805 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार General Worker (Manufacturing sec.) | २५ 25 | 0 | स. काममा दक्ष | १,५०० 1500 | ४३,००५ 43,005 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**Biopro (M) Sdn. Bhd. does not impose any Recruitment/Placement Fee For this Employment**
**वायोप्रो (एम) एसडीएन. बिएचडी.ले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।– रोजगार दाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**
**(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)**

**Final Interview is going to conduct on 27 July 2022 in office premises.**
**(फाइनल अन्तर्वार्ता मिति २०७९ साउन ११ गते यस कार्यालय परिसरमा हुनेछ ।)**

- **Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.**
(आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- **We will not discriminate Workers or potential workers in any way.**
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाब गर्ने छैनौं ।)
- **No one is allowed to take or give away gifts or bribes from suppliers and customers.**
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- **We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.**
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

**We declear that "Maa Padma Placement Pvt. ltd." don't have branch and agent.**
**(मा पद्मा प्लेसमेन्ट प्रा.लि.को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं ।)**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

Govt. Lic No. 936/067/68
**MAA PADMA PLACEMENT PVT. LTD.**
Tokha-5, Basundhara, Kathmandu, Nepal , Tel: 01-4954906 , 4954960 Fax: 4354906

# भवन निर्माणसम्बन्धी मापदण्ड संशोधन गर्न निर्देशन

**काठमाडौं/मस** – प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिले सरकारलाई शहरी विकास तथा भवन निर्माणसम्बन्धी मापदण्ड सम्बन्धित क्षेत्रका विज्ञ, योजनाकार तथा सरोकारवालाको रायका आधारमा पुनःसंशोधन गर्न सरकारलाई निर्देशन दिएको छ।

समितिको मंगलबार बसेको बैठकले शहरी विकास मन्त्रालयले अघि बढाएको बस्ती विकास, शहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को २०७८ सालमा भएको संशोधनको पुनःसंशोधन गर्न शहरी विकास मन्त्रालयलाई निर्देश गरेको हो। विसं २०७८ को संशोधनले मापदण्डका प्रावधान अझ साँघुरो र सङ्कुचित बनाएको निर्णयमा उल्लेख छ। सरकारको स्वच्छ, सुरक्षित र सुन्दर सहर निर्माण तथा सन्तुलित र समानुपतिक विकास गर्ने नीति विपरीत भएको विषयप्रति समितिले ध्यानाकर्षण गराएको छ।

मापदण्ड दीर्घकालीन रुपमा प्रकृतिक प्रकोपबाट जोगिने, वातावरण मैत्री, आवास र बस्ती निर्माणको दृष्टिले नागरिकलाई सुरक्षित राख्न हिमाल, पहाड र तराईको भौगोलिक अनुकुलता हुनुपर्ने समितिले जनाएको छ।

दीर्घकालीन योजना र दृष्टिकोणका आधारमा एकीकृत मापदण्ड बनाइ कार्यान्वयन गर्ने गरी प्रदेश सरकार र स्थानीय तहलाई निर्देशन गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ। प्रदेश सरकार र स्थानीय तहले भवन निर्माणसम्बन्धी फरक फरक मापदण्ड बनाएर कार्यान्वयन गर्दा निर्माण भइरहेका संरचना असुरक्षित र वातावरणीय दृष्टिले जोखिमपूर्ण हुने देखिएको छ।




शहरी विकास मन्त्री मेटमणि चौधरीले मापदण्डमा कमीकमजोरी रहेमा आफ्नो टोलीसँग बसेर छलफल गरेर सच्याइने बताए। मन्त्रालयले अहिले शहरी विकास नीतिलगायतका महत्वपूर्ण र कतिपय लामो समयदेखि थन्किएका कानुन अघि बढाएको उले बताए। उनले भने, 'एक साताभित्रै महत्वपूर्ण कानून ल्याउन लागिएको छ।' कुनै पनि मन्त्रालयको जिम्मेवारी पाउनुलाई आफूले सामान्य रुपमा लिएको मन्त्री चौधरीले बताए।

शहरी विकास मन्त्रालयका सचिव रमेशकुमार सिंहले चारै कुनामा शहर बनाएर काठमाडौंलगायत शहरको चाप कम गर्न आवश्यक रहेको बताए। मन्त्रालयले बनाएको मापदण्डभन्दा कम नहुने गरी स्थानीय तहले मापदण्ड बनाउने व्यवस्था गरेको उनले बताए। फरक फरक भौगोलिक क्षेत्रका लागि फरक किसिमको मापदण्ड तोकिएको उनले स्पष्ट पारे।

समितिका सभापति कल्याणीकुमारी खड्काले भूकम्पपछि कडा मापदण्ड बनाउनुपर्नेमा झन खुकुलो भएको धारणा राखे। हाउजिङमा संलग्न व्यवसायीको फाइदका लागि अहिले प्रावधान ल्याइएको उनको आरोप छ। युटिलिटी करिडोरसम्बन्धी ऐन ल्याउन आवश्यक रहेको र समितिले भने पनि मन्त्रालयले अझै ल्याउन नसकेको उनको भनाइ छ।

समितिका सदस्य जिपछिरिङ लामाले शहरी विकासको मापदण्ड बनाउँदा व्यापक छलफल गर्दा राम्रो हुने भए पनि यो मापदण्ड निर्माणमा त्यसो हुन नसकेको बताए। थोरै जग्गा भएका व्यक्तिलाई धेरै जग्गा छोड्नुपर्दा समस्या हुनसक्ने उनको भनाइ छ।

समितिका सदस्य यज्ञराज सुनुवारले काठमाडौंका धेरै बस्ती जथाभावी विस्तार भइरहेकाले व्यवस्थित बस्ती निर्माणमा सरकारले ध्यान दिनुपर्नेमा जोड दिए। मध्यपहाडी राजमार्गमा नयाँ सहर निमाण गरिने भनिए पनि त्यसो हुन नसकेको उनको भनाइ छ। धेरै सरकारी कार्यालयको नयाँ भवन बने पनि त्यसअनुसार सेवा सुधार हुन नसकेको उनले बताए।

समितिका सदस्य सञ्जयकुमार गौतमले दीर्घकालीन योजना बनाउन शहरी विकास मन्त्रालयलाई आग्रह गरे। मन्त्रालयको जिम्मेवारीमा रहँदा नीतिगत भ्रष्टाचार हुन नदिनतर्फ लाग्न उनले मन्त्री चौधरीलाई सुझाव दिए। समितिका सदस्य विनाकुमारी श्रेष्ठले कस्तो मापदण्ड बनाउने भन्नेबारे छलफल हुनुपर्ने बताए। समितिका सदस्य रङ्गमति शाहीले धान फल्ने खेतमा तथा जङ्गल फाँडेर सहर बनाउने गरिएकाले त्यसो गर्न नहुने उल्लेख गरिन्।

समितिका सदस्य केदार सिग्देलले सीमित सहरमा मात्रै जनसंख्या थुप्रिन नदिन पहल गर्नुपर्ने उल्लेख गरे। सहर सुरक्षित र सुन्दर हुनुपर्नेमा उनले जोड दिए। मापदण्डको दोस्रो संशोधन सरकारबाट स्वीकृत भएर गत जेठ १६ मा राजपत्रमा प्रकाशित भएको थियो। मन्त्रालयले सचिवको संयोजकत्वमा अन्य सरकारी निकायका सहसचिव सम्मिलित १६ सदस्यीय केन्द्रीय शहरी योजना तथा भवन निर्माण मापदण्ड सुदृढीकरण तथा सुपरिवेक्षण समिति गठन गरेको थियो। उक्त समितिले गत माघ २६ मा सो प्रतिवेदन स्वीकृतिका लागि सिफारिसको निर्णय गरेको थियो।

# अनलाइन मतदाता नामावली थप पाँच जिल्लामा

**काठमाडौं/मस**– निर्वाचन आयोगले काठमाडौं उपत्यकाबाट सुरु गरेको अनलाइन मतदाता नामावली फारम भर्ने व्यवस्था थप पाँच जिल्लामा विस्तार गरेको छ।

आयोगले नमूनाका रूपमा सुरु गरेको सो कार्य मंगलबारदेखि काठमाडौं, ललितपुर र भक्तपुरका अतिरिक्त काभ्रेपलाञ्चोक, चितवन, कास्की, मोरङ र झापा गरी थप पाँच जिल्ला निर्वाचन कार्यालयबाट समेत भर्न सक्ने व्यवस्था गरिएको आयोगका प्रवक्त शालिग्राम शर्मा पौडेलले जानकारी दिए। अनलाइनबाट फाराम भर्नेको हकमा अनलाइन फाराम छनोट गरेको जिल्ला (काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, चितवन, कास्की, मोरङ र झापा) को जिल्ला निर्वाचन कार्यालयमा सम्पर्क समयमा औँठाको छाप र फोटो लिने व्यवस्था मिलाइएको छ।


ESCATEC शुन्य लागत अन्तर्गत मलेशियामा रोजगारी
Employment in Malaysia under zero Cost

कम्पनी Company – स्केटक ईलेक्ट्रोनिक्स एसडिएन वियचडी ESCATEC ELECTRONICS SDN BHD
ठेगाना – BAYAN LEPAS PENANG, MALAYSIA
फोन – +६० ४ ६४३ २५ ५४ Phone – +60 4 643 25 54
फ्याक्स – +६० ४ ६४३ ७० २५ Fax – +60 4 643 70 25
वेबसाइट (Website) – www.escatec.com / इमेल (E-mail) : infoescatec.com

पूर्व स्वीकृती मिति-२०७९/०१/१९ लट नम्बर २६२५१४ चलानी नम्बर - ६०१७८८०४ पून विज्ञापन
Pre-approval Date - 22May, 2022 LT No. – 262514 Serial No.:60178804 Re–Advertisment

| कामदारको पद Position | माग संख्या No. of demand | न्यूनतम योग्यता Minimum qualification | मासिक तलब Monthly Salary आर एम RM | मासिक तलब Monthly Salary ने.रु. NRP | ओभरटाईम Overtime | प्रतिदिन काम गर्ने घण्टा Working hour/day | हप्तामा काम गर्ने दिन Working day/week | खाना सुविधा Food facility | बस्ने सुविधा Accom-modation facility | करार अवधी Contract period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| औद्योगिक कामदार Factory Worker | १०० 100 | सो काममा दक्ष Skilled at work | १३०० 1300 | ३७,२५८ 37,258 | कम्पनी नियम अनुसार As per company rule | ८ घण्टा 8 hours | ६ दिन 6 days | छैन No | छ Yes | २ वर्ष 2 years |

| पासपोर्ट खर्च Passport expense | मेडिकल जाँच शुल्क Medical Checkup Fee | भिषा शुल्क Visa fee | फाइनल अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च Transport, Lodging & Food during final interview & before departure | अभिमुखीकरण Orientation | नेपाल र मलेसियामा लाग्ने बिमा शुल्क Insurance Fee in Nepal & Malaysia | श्रम स्विकृती Labor approval | हवाई टिकट शुल्क Air ticket expense | संस्थाको सेवा शुल्क Agency service charge | जम्मा खर्चहरू Total expenses |
|---|---|---|---|---|---|---|---|---|---|
| नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free | नि:शुल्क Free |

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

- यो भर्ती/मागपत्र शून्य लागत नीति अन्तर्गत छ। म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू (राहदानी, मेडिकल, भिसा, अन्तर्वार्ताको समयमा र प्रस्थान अघि हुने यातायात लगायत खाना र बस्नको खर्च, अभिमुखीकरण, नेपाल र मलेसियामा लाग्ने बिमा, श्रम स्विकृती, हवाई टिकट) रोजगारदाताले वहन गर्दछ। त्यसैले कामदार वा उनीहरूको तर्फबाट म्यानपावर संस्था वा अरु कुनै व्यक्ति कसैलाई पनि कुनै शुल्क तिर्नु पर्दैन। This recruitment is under zero cost policy. All the expenses (Passport, Medical, Visa, Transport, Lodging, Food during interview & before departure, Orientation, Insurance, Air ticket) including Agency service charge will be borne by the employer. So no fee has to be paid to manpower agency or any other person by the workers or anyone on their behalf.
- यस रोजगारीको लागी हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं। No other item of value shall be given or commit to our office or any body in lieu of fees (Gifts, gold, jewelry, livestock, phone etc.)
- तपाईंले कसैलाई कुनै शुल्क तिर्न नपर्ने भएकोले, हामी तपाईंलाई कुनै पनि एजेन्ट/बिचौलिया प्रयोग नगरी हाम्रो कार्यालयमा सिधै सम्पर्क गर्न अनुरोध गर्दछौं। हामी तपाईलाई यो पनि स्पष्ट पार्न चाहन्छौं कि हाम्रो संस्थाको कुनै पनि शाखा कार्यालय, जिल्ला प्रतिनिधिको कार्यालय र एजेन्ट/बिचौलिया छैन। Since you don't have to pay any fees to any body, we request you to contact directly at our office without using any agent/middleman. We also want to clarify you that our organization has no branch offices, district representative and agent/middleman any where.
- यस भर्तीको लागि कुनै धितो, निक्षेप, बचत कार्यक्रमहरूलाई अनुमति वा स्वीकार गरिने छैन। No bonds, deposits, saving programs are allowed or accepted for this recruitment.
- हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमुलक सामग्रीहरू जस्तै फ्लेक्स, ब्यानर, पर्चा आदि पूर्ण रूपमा अध्ययन गरी र सो बारे पूर्णरुपमा जानकार हुन अनुरोध गर्दछौं। We request you to fully study & understand job related informative materials such as flex, banner, leaflet etc. placed at our office premises.
- रोजगारीको लागि आवेदन दिन इच्छुक व्यक्तिले आवेदन फारम भर्नु अघि हाम्रो संस्थाको भर्ना पूर्वको अभिमुखीकरण सत्रमा अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ। Anyone willing to apply for the job must attend our pre-recruitment orientation training session prior to filling the job application form.
- हामी समान अवसर प्रदायक संस्था हौं। त्यसैले उम्मेदवारहरूलाई कुनै पनि प्रकारको भेदभाव बिना उनीहरूको योग्यताको आधारमा मात्र छनोट गरिन्छ। We are Equal opportunity provider. Hence candidates are selected solely based on their competency without any type of discrimination.
- यदि तपाईंसँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई तल उल्लेख गरिएको फोन नम्बर वा इमेल ठेगाना मार्फत् सम्पर्क गर्न सक्नुहुनेछ। तपाईले हामीलाई हाम्रो आधिकारिक फेसबुक पेज - Titanic Manpower Supplier मा पनि सन्देश पठाउन सक्नुहुन्छ। +९७७-९८०१००४३४५ grievance@titanicmanpower.com
If you have any complaints or feedback, please do contact us via the phone number or email address mentioned below. You can also send us your message on our official Facebook page – Titanic Manpower Supplier +977-9801004345 grievance@titanicmanpower.com

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोननंहरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

प्रि-अन्तर्वार्ता धमाधम भईरहेको छ। (Pre Interview is on Going)
फाईनल अन्तर्वार्ता टाइटानिक अफिस, बसुन्धारा चौकी काठमाडौंमा २०७९ साउन १० गतेमा हुनेछ।
Final Interview Will Be Held On Titanic Office, Basundhara Chauki, Kathmandu 26 July 2022.

TITANIC Ethical Recruitment Agency Since 2002
ISO 9001:2015 Certified Recruitment Agency
टाइटानिक म्यानपावर सप्लायर प्रा.लि. (Titanic Manpower Supplier Pvt. Ltd.)
इजाजत पत्र नं: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धरा चौकी, काठमाण्डौ, नेपाल (Basundhara Chauki, Kathmandu, Nepal)
+९७७-१-४९५३२५२, ४९६४६५९ (+977-1-4953252, 4964659)
info@titanicmanpower.com www.titanicmanpower.com


# काठमाडौं महानगरपालिकाले तीन वटा दमकल ल्यायो




**काठमाडौं/मस**– काठमाडौं महानगरपालिकाले तीन वटा दमकल ल्याएको छ।

'महानगरले आगलागीको रोकथाम र क्षति कम गर्न पहिलेदेखि कार्यहरु गर्दै आएको छ। सोही अनुरुप पुर्वमेयर विद्यासुन्दर शाक्यकै पालामा भएको दमकल खरिद प्रक्रिया अन्तर्गत ३ दमकलहरु महानगरमा आइपुगेका छन्,' काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'दमकलहरुको वैज्ञानिकतवरमा उच्चतम प्रयोग गरेर आगलागीबाट हुने क्षति कम गर्न महानगर प्रतिबद्ध छ।'

सकेसम्म अग्नी दुर्घटना हुनै नदिनु सबै भन्दा उत्तम विकल्प भएको जनाउँदै उनले आगोको बिषयमा कहिलै पनि हेलचेक्राइँ नगर्न सबैलाई अनुरोध गरेका छन्।

'आगोको प्रयोगमा असाध्यै धेरै सावधानीको आवश्यकता जहाँसुकै र जहिलै हुन्छ। काठमाडौं जस्तो क्षेत्रहरु जहाँ आफ्नै संरचनागत खराबीहरुले गर्दा आगलागीको जोखिम उच्च र नियन्त्रणमा सिमितता छ, त्यस्ता क्षेत्रहरुमा आगलागीका बिषयमा झन् धेरै सचेत र होसियार हुनै पर्छ,' काठमाडौं महानगरपालिकाका प्रमुख शाहले भनेका छन्।

# बोरिङ खन्दा ग्यास निस्कियो

**काठमाडौं/मस**– काठमाडौं जोरपाटीमा लेदो माटो र पानीसहितको फोहोरा निस्किएको छ। सुन्दरीजल जाने बाटोमा रहेको सन्तवीर लामाको घरमा बोरिङ खन्ने क्रममा लेदोसहित पानी र ग्यास निस्किएको हो।

स्थानीय नगेन्द्रप्रसाद दाहालले ३ सय फिटजति खनेपछि एक्कासी विस्फोट भई लेदोसहित ग्यासको मुस्लो निस्किएको बताए। उक्त ठाउँमा ग्यासको जस्तो गन्ध फैलिएको थियो। ग्यासको मुस्लो तीन तलामाथिसम्म पुगेको थियो। छेउछाउका घरमा धुलाम्मे भएका थिए। बाटोमा राखेका मोटरसाइकल पनि ग्यासबाट निस्किएको धुलोले धुलाम्मे भएका थिए। स्थानीय निर्मल अर्यालका अनुसार घटनाको वास्तविकता पत्ता लगाउनका लागि खानी तथा भूगर्भ विभागका अधिकारीहरू समेत पुगेका थिए। प्रहरीले अहिले घटनास्थल वरपर सुरक्षा दिएर सर्वसाधारणलाई आवतजावतमा रोक लगाएको थियो। यसअघि पनि काठमाडौंका विभिन्न स्थानमा बोरिङ खन्ने क्रममा ग्यास निस्कने घटना हुँदै आएका छन्।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
प्रकाशित मितिः २०७९/०४/०४
यस कार्यालयमा मिति २०७५/०५/२४ मा दर्ता भएको **प्रा.लि.नं. १९८२०१** को **लहरा फुड एन्ड ड्रिन्क्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
प्रकाशित मितिः २०७९/०४/०४
यस कार्यालयमा मिति २०७६/०५/२३ मा दर्ता भएको **प्रा.लि.नं. २२३७६४** को **लोकसेवा सारथी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०६८/०७/६१२ मा दर्ता भएको **प्रा.लि. नं. ८६९६५** को **निलगगन डिजिटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हक दावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०६२/०५/०२ मा दर्ता भएको **प्रा.लि. नं. ३५८३५** को **लोटस इम्पलोइमेन्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०६४/०४/०२ मा दर्ता भएको **प्रा.लि. नं. ४६८५८** को **निहारिका संगीत प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०४/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मलेशियामा रोजगार
1. GEOPANCAR SDN. BHD., KUALA LUMPUR पुनः विज्ञापन
पुर्व स्विकृति मिति: 2079.01.04 चलानी नं. 60177979 LT No. 261253

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constrctions Worker | 125 | 1200 | 34500 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. BUNGE LODERS CROKLAAN OILS SDN. BHD.
पुर्व स्विकृति मिति: 2079.04.03 चलानी नं. ६०१८३४४८ LT No. 267501

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 62 | 1500 | 43125 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ता: २०७९ साउन ११ गते (27 July 2022) मेनपावर कार्यालयमा हुनेछ।
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला। लागत खर्च: नि:शुल्क
तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, नेपाल, फोन नं.: ४९६५०७५, ४९५६५७५, श्रम इजाजत पत्र नं.: १५०९/०७४/७५

कुवेतमा रोजगार | Company : BISHWO INTERNATIONAL RESTAURANT City : KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०४/०३ चलानी नं.: ६०१८३४९५ LT. No.: 267531

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 2 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ५४,६१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 155 | ६४,२८१ | | | | | | | |
| 3. | Waitress | 0 | 3 | | 120 | ४९,७६६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ११ गते (27 July 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।
अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि. श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोन: ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
४ साउन २०७९, बुधबार
20 July 2022, Wednesday

## सम्पादकीय

# विरासत गुमाएको आन्दोलन

अहिले सत्तारूढ दलकै विद्यार्थीहरू पनि सडकमा छन् । सत्तारूढ दल निकट विद्यार्थी संगठनहरूले संयुक्त सडक प्रदर्शनको विषय भने गभर्नर महाप्रसाद अधिकारी हटाउनुपर्ने राखेका छन् । यसअघि प्रमुख विपक्षी दल नेकपा एमालेका विद्यार्थी सडक प्रदर्शनमा थिए । उनीहरूको माग भने तत्कालीन अर्थमन्त्री जनार्दन शर्मालाई बर्खास्त गर्नुपर्ने राखेका थिए । शर्माले बजेट निर्माणका क्रममा करको दर हेरफेर गर्न अवैध व्यक्ति संलग्न गराएको सूचना सार्वजनिक भएपछि एमाले निकट अनेरास्ववियुले सडक आन्दोलन गरेका थिए । शर्मा अहिले पदमुक्त भइसकेका छन् । आम नागरिकले समेत विरोध जनाएपछि शर्माले पदबाट राजीनामा दिएका थिए । पदमा हुँदा शर्माले गभर्नर अधिकारीलाई निलम्बनको प्रक्रिया अगाडि बढाका थिए ।

सरकारले पनि छानबीन गर्ने निर्णय गरेपछि गभर्नर अधिकारी स्वतः निलम्बनमा परेका थिए । सर्वोच्च अदालतले सरकारको निर्णय कार्यान्वयन नगर्न आदेश दिएपछि पद थमौती भएका गभर्नर अधिकारी फेरि विवादित बने । शर्मासँगको विवाद तत्काललाई हल भएपनि गभर्नर अधिकारी एमालेको अर्थ तथा योजना विभागमा रहेको सूचना सार्वजनिक भयो । यो सूचना लगत्तै सत्तारूढ विद्यार्थीहरू सडकमा उत्रिएका हुन् । यसअघि पनि विद्यार्थी संगठनहरू शैक्षिक एजेण्डामा भन्दा पनि आफ्नो पार्टीको संरक्षणमा उत्रने गरेका कयौं उदाहरण छन् । विगतमा विद्यार्थी आन्दोलन सधैं नागरिक अधिकार र शैक्षिक एजेण्डामा हुने गरेको थियो । तर त्यसबिपरीत अहिले विद्यार्थी आन्दोलन आफ्नो मातृ पार्टीको रक्षामा उभिने गरेका छन् । पक्कै पनि तत्कालीन अर्थमन्त्री शर्मा र गभर्नर अधिकारीमाथि प्रश्न उठान विद्यार्थी राजनीतिको एजेण्डा हुन सक्छ ।

तर एउटा पक्षधरता लिएर गरिने आन्दोलनको भने ठूलो औचित्य हुन्न । किनकि ती संगठनहरूले विगतको विरासत बोक्दैन । बरू विद्यार्थी संगठनहरू शैक्षिक संस्थाबाट चन्दा अशुल्न, शैक्षिक क्यालेण्डर प्रभावित बनाउन र शिक्षामा राजनीतिकरण गर्नमा तल्लीन रहेको आरोप लाग्ने गरेको छ । आफू अनुकुल निर्णय नहुँदा आन्दोलन हुने, तर अनुकुल भए मौन रहने प्रवृत्तिले विद्यार्थी आन्दोलनप्रतिको विश्वास कमजोर बनेर गएको छ । अझ आफ्नो पार्टी निकट व्यक्ति विश्वविद्यालयको नेतृत्वमा लैजाने र प्राध्यापक नियुक्ति जस्ता विषयमा बढी ध्यान दिएको देखिन्छ । अर्थात् विद्यार्थी आन्दोलनले आफ्नै वैभवशाली विरासत कमजोर बनाएका छन् । कुनै राजनीतिक संगठनको कार्यकर्ताको भीड भन्दा बढी होइन भन्ने पुष्टि हुँदै गएको छ, जुन विद्यार्थी आन्दोलनको बदनामी समेत हो ।

# व्यवस्थाको विकल्पको खोजी

*सारा विकृतिको जड संसदीय व्यवस्था हो । संसदलाई बहुमतद्धारा सरकार बनाउने वा ढाल्ने अधिकार दिनु राजनीतिक अस्थिरता र विकृतिको मूल जड हो । देशका बारेमा सोंच्ने हो भने यो व्यवस्थाको यथाशीघ्र अन्त्य गर्नुपर्छ ।*

अग्रलेख



● विष्णु पन्त

### अस्थिरता अन्त्यको चाहना

जनयुद्ध र २०६२/०६३ को जनआन्दोलनको मानिसहरुले राजतन्त्रको मात्रै अन्त्य होइन संसदीय व्यवस्थाको पनि विकल्प खाजेका थिए । तर, राजसंस्थालाई किनारा लगाएर गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको रंग दिइए पनि पुरानै संसदीय व्यवस्थाको पुनरावृत्ति गरिएको थियो । आज यो व्यवस्था धेरै नै अलोकप्रिय बनेको छ तर, नेताहरुमा अगाडि बढ्ने दृष्टिकोण नै छैन । विश्व घटनालाई हेर्ने हो भने श्रीलंका र जापानको चर्चा बढी नै बन्ने सम्भावना छ । राजनीतिक हिसाबले जापानका पूर्वप्रधानमन्त्रीको हत्या पनि वर्तमान विश्वको अन्तरविरोधसँग जोडिएको आकंलन गर्न सकिन्छ । उनी इण्डोप्यासिफिक रणनीतिका डिजाइनर थिए । जापानी पूर्वप्रधानमन्त्रीको हत्याको पछाडि जस्तो जनआक्रोशको विकास भएको थियो, नेपालभित्र हेर्‍यौं भने पनि नेताहरु विरुद्धको जनआक्रोश त्यस्तै देखिन्छ । भलै त्यस्तै खालको घटना भएको छैन, तथापी नेताहरुको जीवनशैली, अराजकता, भ्रष्टीकरण र लुटतन्त्रले समाजलाई असन्तुलीत बनाएको छ ।


आज एकातिर देश आर्थिकरूपमा टाट पल्टिदैंछ भने अर्कोतिर त्यसको समाधानप्रति नेतृत्वकर्ता मौन र रमिते बनेका छन् । जसलाई हेर्दा, गणतन्त्र भनेको लुटतन्त्र पो रहेछ भन्ने सिद्धान्तको विकास भएको छ । आज राज्यका तीनै तहका सरकारहरु बद्नामीत मात्रै बनेका छन् । सबैभन्दा बढी त प्रदेश र जिल्ला समन्वय समितिको औचित्यमाथि प्रश्न उठेका छन् । अनौठो कुरा के छ भने नेताहरुमा यो संकटको बारेमा कुनै चिन्ता छैन । भ्रष्टाचारको अन्त्यका लागि संसद र सरकारले कुनै बहस चलाउँदैन । खाली एकले अर्कालाई भ्रष्टाचारी भन्दै गाली गर्ने मात्रै काम भएको छ । यसको तथ्य के हो भने सबै भ्रष्टाचारी छन् । प्रत्येक कर्मचारीको भनाई हुन्छ, “गाइको दुधले नुहाएको त कोही छैन ।”

सम्पत्ति शुद्धिकरण, छानबिन गर्नेसम्म राज्यले गर्दैन भने त्यो राज्यको औचित्य के रहन्छ ? प्रत्येक नागरिकको सम्पत्तिको अभिलेख के राज्यसँग हुन सक्दैन ? समाजमा राजनीति वा सत्ताको आडमा रातारात नवधनाड्य वर्ग जन्मीएको छ, त्यसलाई एउटा विधिमा ल्याउने दायित्व कसको हो ? आज सबैभन्दा बढी नेता र कर्मचारीको सम्पत्तिको बारेमा प्रश्न उठेका छन् । नेता नै भ्रष्ट भएपछि कर्मचारीको के दोष भन्ने अर्को तर्क छ । के यो लुटतन्त्र र भ्रष्टाचारलाई छुट दिइरहेको हो ? भ्रष्टाचार त आज लुटतन्त्रको नैसर्गिक अधिकार जस्तो भएको छ । आज श्रीलंका विश्वकै लागि उदाहरण बनेको छ । जनआक्रोश विस्फोट बन्यो भने नियम, कानून र संविधानले केही गर्नेवाला छैन । राष्ट्रपतिले सिंगापुर पुगेर राजीनामा दिएका छन् । अचम्म लाग्छ, अझै पनि नेताहरु भारत जान छाडेका छैनन् । देशभित्रै बहस, छलफल र सम्मेलन गर्न सकिँदैन ? बृहत राष्ट्रिय सम्मेलन वा गोलमेच सम्मेलनहरु गर्न सकिँदैन ? देशलाई सही दिशामा लैजाने हो भने अहिलेको संसदलाई विघटन गर्नुपर्छ । संसदभित्र र बाहिरका सबै दललाई अनि नागरिक समूहलाई मिलाएर नयाँ निकास खोज्नु बुद्धिमानी हुन्छ ।

सबैलाई थाहा छ, आज राजनीतिक अस्थिरता र विकृतिको जड संसद र अदालत बनेको छ । संसद र अदालतले कहिल्यै पनि समय, परिस्थिति र परिवर्तनको धारलाई आत्मसाथ गर्नै सकेनन् । एउटा सांसद, नेता, कर्मचारी र न्यायाधिशलाई देशको बारेमा चिन्ता नै छैन । नेता बन्ने हो भने सबैभन्दा पहिले विकृति, विसंगतिहरुको अन्त्यका लागि चिन्ता गर्नुपर्छ । तर, आज देश श्रीलंका बन्दै छ भन्ने तथ्य एकले अर्कालाई गाली गर्ने विषय मात्रै बनेको छ । एकथरी भन्दैछन्, देश श्रीलंका भयो भने एमालेहरु खेदिन्छन् अनि अर्काथरि भन्दैछन् देश श्रीलंका भयो भने कांग्रेस, माकेहरु खेदिन्छन् । जनताको मत छ, खेदिन्छन् तर, सबै भ्रष्टहरु खेदिन्छन् । सबै भ्रष्टहरुको सम्पत्तिलाई जनताले राष्ट्रियकरण गर्छन् ।

### अराजक मनोविज्ञान

राजनीति अन्तत्वगत्वा व्यापारमा परिणत भएको छ । धनी बन्ने प्रवृत्तिले सर्वत्र भ्रष्टीकरण संस्थागत बनेको छ । सरकारका तीन तहहरु केन्द्र, प्रदेश र स्थानीय सरकार सबै भ्रष्टाचारका अखडा बनेका छन् । आज तीनै तहका सरकारको औचित्यमाथि प्रश्न चिन्ह उठेको छ । लगभग सबै सत्तामा पुगेका दलहरुको औचित्यमाथि प्रश्न उठेको देखिन्छ । त्यति मात्र



> *राजनीति अन्तत्वगत्वा व्यापारमा परिणत भएको छ । धनी बन्ने प्रवृत्तिले सर्वत्र भ्रष्टीकरण संस्थागत बनेको छ । सरकारका तीन तहहरु केन्द्र, प्रदेश र स्थानीय सरकार सबै भ्रष्टाचारका अखडा बनेका छन् । आज तीनै तहका सरकारको औचित्यमाथि प्रश्न चिन्ह उठेको छ । लगभग सबै सत्तामा पुगेका दलहरुको औचित्यमाथि प्रश्न उठेको देखिन्छ ।*

हैन लगभग सबै सरकारमा सहभागि भएका नेताहरुमाथि प्रश्न उठेको छ । यसको अर्थ देशका सबै क्षेत्रहरु विकृति र विसंगतिको शिकार बनेका छन् ।

अहिले चुनावको चर्चा पनि चल्दै छ । गत स्थानीय चुनावको परिणामले पनि जनताको असन्तुष्टीलाई प्रतिबिम्बित गरेको छ । त्यसकारण जनतामा स्वतन्त्रको लहर चल्दै छ । भोलि शीर्ष नेताहरु नै स्वतन्त्र उम्मेदवारबाट पराजीत नहोलान् भन्न सकिँदैन । चुनाव जित्नका लागि स्वतन्त्र घोषणा गर्नुपर्ने परिस्थिति नआउला भन्न सकिँदैन । काठमाडौंमा केशव स्थापित जस्तै नेताहरु हाम्रो यति सिट र उति सिट भनि गन्दै बसेका छन् ।

स्वतन्त्रको लहर आयो भने के हुन्छ, के हुँदैन त्यो भन्न सकिँदैन । भनिन्छ कुनैपनि व्यवस्थालाई राम्रो बनाउने वा नराम्रो बनाउने हात नेताको हुन्छ । एउटा आदर्श नेता जन्मीए देशले काँचूली फेर्छ । पूँजीवादभित्र पनि सिंगापुर जन्मिन सक्छन् । असल नेता भए सिंगापुर र खराब नेता भए नेपाल बन्छ । असल नेता भए क्यूबा, उत्तरकोरिया बन्न सक्छ । हाम्रोमा लडाइँको केन्द्रमा सत्ता, मन्त्री, सांसद र भागवण्डा छ । विचार, पद्धति र राजनीतिक सभ्यताको लडाइँ नै छैन । मन्त्री पाउने भए पार्टी छोड्ने, पार्टी फुटाउने प्रवृत्ति देशका लागि घातक छ । देश, पार्टी र जनताको हातलाई केन्द्रमा राख्ने संस्कृतिको विकास गर्न सकेको भए नेताहरुको इज्जत जोगिन्थ्यो । गणतन्त्र ल्याए भनेको छ, खाएको छ । आफ्नो मात्र पेट भर्न ल्याएको हो त गणतन्त्र ? सबै पूर्व प्रधानमन्त्री र मन्त्रीहरुमाथि भ्रष्टाचारको आरोप छ र योभन्दा राजनीतिक टाट पल्टाई के हुन्छ ? सबैको जीवनशैली राजकीय छ र योभन्दा ठूलो पलायन के हुन सक्छ ?

### संसदीय मनोविज्ञान र भ्रष्ट बुझाइ

आज दल र दलका नेताहरु भ्रष्ट संसदीय मनोविज्ञानबाट ग्रस्त छन् । संसदीय अंकगणित अर्थात् बहुमत र अल्पमतको फोहोरी खेल, जित्नुको अर्थ सरकारमा जानु, चुनाव जित्नका लागि अर्थ संकलन र जनतामा भ्रम र विदेशीहरुको दलालीकरण गर्ने कुरा यो व्यवस्थामा सामान्य बनेको छ । आज सांसद खरिद-बिक्रीको विषय अनौठो छैन । राजनीतिक दलका मूल्यमान्यता र आर्दश उही, नेता उही, प्रवृत्ति हेर्दा लाज लाग्ने शैलीका छन् । पहिला बरु राजाको अलिअलि डर हुन्थ्यो अहिले त फुक्काफाल छ । शुरूमा माओवादी सरकारमा आउँदा भ्रष्टाचारको कल्पना पनि थिएन । त्यसकारण मनोविज्ञानको ठूलो महत्व हुन्छ । पछि सबैभन्दा ठूलो भ्रष्टीकरण माओवादी पंक्तिभित्र भयो । आज माओवादी भन्नासाथ जनताले लखेट्लान जस्तो भएको छ । भरतपूरको चुनावमा ठूलो बल लगाएर धन्न रेनू दाहालले जितिन नत्र त्यहाँ माओवादीलाई लखेट्छौं भन्ने जनमत बढ्दै थियो । विचार, आर्दश र संघर्षले मात्र पार्टी र नेतालाई स्थापित गर्छ । जबसम्म राजनीतिक मूल्य, मान्यता र आदर्शको पहिचान बनाउन सकिँदैन तबसम्म बदनामी र पतनको विकल्प छैन । आज माओवादी केन्द्रको स्वतन्त्र अस्तित्व नै छैन भन्दा हुन्छ । बजारमा नेका र माकेबीचको चर्को एकता नै गरे पनि कुनै अनौठो नहुने अवस्था बन्यो । एमाले र माकेको त एकता भएरै छुट्टिएको हो । यी सारा विकृतिको जड संसदीय व्यवस्था हो । संसदलाई बहुमतद्धारा सरकार बनाउने वा ढाल्ने अधिकार दिनु राजनीतिक अस्थिरता र विकृतिका मूल जड हो । देशका बारेमा सोंच्ने हो भने यो व्यवस्थाको यथासिघ्र अन्त्य गर्नुपर्छ । यसले नेताहरु र दलहरुलाई चुर्लुम्मै फोहरमा डुबाइदियो ।

दुःखको कुरा केपी ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहालमध्ये कोही पनि यो व्यवस्था बदल्न चाहँदैनन् । देउवालाई ७ पटक प्रधानमन्त्री बन्ने धोको छ भने दाहाल र ओलीलाई फेरि बन्ने धोको छ । उनीहरु संसदीय गोलचक्कमा फसेका छन् । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र प्रधानमन्त्रीमा जान अब त झन् मान्दैनन् किनकी स्वतन्त्रहरुको हुइम आएको छ । त्यसकारण देशमा गम्भीर राजनीतिक र आर्थिक संकट आएको छ । यसको उपचारमा बिलम्ब वा आनाकानी भए निश्चित छ देश दुर्घटनामा जान्छ । गणतन्त्रमा एउटा सुनौलो अवसर थियो नेताहरुलाई, त्यो हो राजनीतिक विचारधाराअनुसार आदर्शको विकास गर्ने । आज प्रचण्डको घमण्ड हुन्छ : मैंले फलानो फलानोलाई प्रधानमन्त्री बनाएँ । जनयुद्धमा विकास गरेको आर्दशलाई अहिलेसम्म खाँदैछन् । जनताले भनिरहेकै छन् : जनयुद्ध धनयुद्धमा परिणत भयो । मलाई लाग्छ, नेताहरुले हिम्मत गर्ने हो भने अझै पनि यो आरोपलाई कमजोर बनाउने सम्भावना मरेको छैन । तर, यस्तो इच्चाशक्ति र मनोबल कसैमा छैन । सत्ता र शक्तिको आडमा नवधनाड्य वर्गमा अधिपत्य जन्माउने होडबाजीमा हामीले आफ्नो अस्तित्व मेटाएका छौं ।

### विकल्पको खोजी

राजनीतिक स्थिरताका लागि पनि मुलुकलाई प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली आवश्यक छ । संसदलाई सरकार बनाउने अधिकार दिनु हुँदैन । संघीयताको खारेजी अर्को आवश्यकता बनेको छ । केन्द्र र स्थानीय सरकार नै देशका लागि सही प्रणाली हुन्छ । भ्रष्टाचारको अन्त्यका लागि निष्पक्ष र अधिकार सम्पन्न आयोग बनाउनु पर्छ । त्यसकारण देशमा एउटा सुधारात्मक पूर्नजागरणको अभियान चलाउनु पर्दछ । आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास अनि पञ्चशीलमा आधारित स्वतन्त्र परराष्ट्र नीतिलाई थप सुद्धढ र विकास गर्नुपर्छ । त्यसकारण जनतालाई फेरि एकपटक पुनर्जागरणको दिशामा लैजानु आवश्यक छ । बृहत राष्ट्रिय एकताको माध्यमबाट संसदीय व्यवस्थाको अन्त्य, अदालत र कर्मचारी संयन्त्रका फेरबदल अनि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली आजका तत्कालिन आवश्यकता हुन् ।

## सामाजिक सञ्जाल



**- जयन्तनाथ खनाल**

पहिले इन्दिराको रेड कार्पेट स्वागत पाएका लेण्डुपले पछि भारतीय शासकको बेवास्ता मात्र भोगे । पहिले मनमोहन एअरपोर्ट लिन गएका टावरिङ पर्सनालिटी गिरिजाले पनि पछि विदेशमन्त्री मुखर्जी भेट्न कार्यलयमा कुर्नु पर्‍यो । अहिले पनि, मोदीले भेट नदिएको होइन प्रचण्डको उपयोगिता सकिएको जनाउ दिएको हो ।



**- शरदराज पाठक**

भारतका राजदूतको विदाई गर्न प्रधानमन्त्री, पूर्व प्रमसहितका नेता लाम लागेर लैनचौर धाएको धेरै भएको छैन । नरेन्द्र मोदीले अपमानजनक ढंगले भेट रद्द गरिदिएपछि प्रचण्डले भन्नुभएछ, “मलाई टेन्सन छैन ।” कमरेड, हामीलाई त सरोकार छ । कहाँबाट कहाँ पुऱ्यायो 'अग्रगमन'ले ? सान पनि छैन, मान पनि छैन !



**- रामशरण बजगाईं**

आलोपालो प्रम हुनेबारे पनि एउटा बिन्दुमा छलफल हुन्छ, आगामी चुनाव र गठबन्धनका विषयमा छलफल भयो- नेपालमा होइन दिल्लीमा, नेपालीसँग होइन, भारतीय विदेशमन्त्री र भारतीय प्रमका सल्लाहकारसँग । चुच्चे नक्सा जारी गरेपछि उहाँले तत्कालीन प्रम ओली विरूद्ध फायर खोल्नुको कारण स्पष्ट भएन र ?



**- जुगल भूर्तेल**

भारतले हाम्रा नेतालाई कसरी प्रयोग गरेर उदाङ्गो पार्दिन्छ भन्ने कुराको पछिल्लो उदाहरण कामरेड पुष्पकमल हुनु भो । उहाँ पटक-पटक यस्तो अप्रिय अनुभव प्राप्त गर्न अभिशप्त हुनुहुन्छ । यद्यपि उहाँजस्ता खाँट्टी वामलाई सजिलो छ, अब चीन भ्रमण गरेर दाह्रा किटेपछि पुनः खाँटी राष्ट्रवादी भैहालिन्छ ।



**- निर्मल प्रसाईं**

नेपाल भूपरिवेष्ठित राष्ट्र, अन्तर्राष्ट्रिय सम्झौताअनुसार भारतीय र नेपाली जनताले उहीँ मूल्यमा पेट्रोलियम पदार्थको उपभोग गर्न पाउनुपर्ने, तर इन्डियन आयल कर्पोरेसनले २५ रूपैयाँ ३३ पैसा बढी शुल्कमा नेपाल आयल निगमलाई बेच्छ, यता निगम सधैं घाटामा । नयाँ बजार खोज्न कसले र किन रोकेको ?

# पीडा बिसाउन देवघाटको यात्रा !

ब्लग



● खिमराज गिरी

भनिन्छ नि “बाह्र छोरा, तेह्र नाती, बुढाको धोको काँधैमाथि” जीवनमा पीडा र दर्द नभएको मानिस सायदै कम होलान्, तैपनि मानिस जन्मेपछि एक पटक अनिवार्य मर्नुपर्दछ । मानिसका जिउने तरिकाहरु फरक-फरक छन् । मानिस एक सामाजिक चेतनशील प्राणी हो र त उसमा पारिवारिक समस्यादेखि सामाजिक समस्यासम्मका अप्ठ्याराहरु आइपर्दछन् । एक परिवारमा जब नवजात शिशुको जन्म हुन्छ तब उसका बुवा-आमाले हर प्रयत्नले उसलाई हुर्काउने, बढाउने, पढाउने गर्दछन् । जबसम्म उ समाजमा प्रतिष्ठित व्यक्तिको रूपमा स्थापित हुँदैन तबसम्म जीवनका हरेक समस्याहरुसँग जुधेर जीवनभर सँघर्ष गरि नै रहन्छन् । तर, जब छोराछोरीहरु ठूला हुन्छन् तब हाम्रो नेपाली परम्पराअनुसार छोरी पराइको घरमा जानुपर्ने अनि छोराले बिहे गरी घरजम गरेर आमा-बुवा पालेर बस्नुपर्ने यो हाम्रो जस्तो अविकशित देशमा चलिआएको रीतिरिवाज र परम्परा हो ।

हाम्रो हिन्दू संस्कृति र परम्पराअनुसार विभिन्न जातजातीमा विभाजित हाम्रो जस्तो विकासोन्मुख देशमा विभिन्न समयमा चाड पर्वहरु, मेला जात्रा आइ नै रहन्छन् र हामीले हाम्रो सामाजिक मान्यतानुसार मनाउँदै गर्दा पारिवारिक सद्भाव र समय समयमा इष्टमित्रसँगको भेटघाटले पनि एक आपसमा भाइचारा र भातृत्वको भावना पैदा हुने गर्दछ । तर, नेपालीहरुको संस्कृतिअनुसार कसैकसैको एकल परिवार बस्ने गर्दछन् त कतिपय जात जातीमा कयौं पुस्तासम्म संयूक्त परिवार पनि मिलेर बस्ने प्रचलन छ । यस धरतीमा भएका विभिन्न प्राणीमध्ये मानिस एक चेतनशिल प्राणी पनि हो तर, कहिले काहीं घर परिवारका सदस्यहरुमा एक आपसमा मनमुटाव भई झै झगडा हुने स्थिति पैदा हुन्छ र यहि मन मुटावले गर्दा घरमा भएका बृद्ध बृद्धाहरु आफ्ना सन्तानहरुबाट विरक्तिएका हुन्छन् । र मनमा खुलदुली पैदा भई कहाँ जाउँ, के गरौं, घरमै बसौं भने छोरा बुहारी, नाति नातिनाको हेला हुने, बुढेसकालको जिन्दगी, नबसौं भने आफन्तलाई कति पीडा दिने । घरले जाजा वनले आइज आइज भन्ने बेलामा पारिवारिक खट्पट्ले बुढाबुढीको मनमा चोट, विरह र वेदनाको घाउ बल्जिदै जान्छ र विरक्त भई घरै छोडेर हिंडौ हिडौं जस्तो लागेर आखिर अन्तिममा कयौं बृद्ध बृद्धाहरुले आफ्ना सन्तानबाट सहारा नपाएर गन्तव्यस्थल देवघाट नै बनाउन बाध्य हुन्छन् ।

> *कोही घरवार बिहीन, कसैका सन्तान नभएका, त कसैका काख रित्तिएका, कसैका सन्तान हुँदाहुँदै पनि अपहेलनाको जिन्दगी जिउन वाध्य भएर अन्तिममा विकल्प देवघाट भएको पनि पाइयो । अनि कतिका आफ्ना सन्तानले लगाएका ऋणको भारी बोक्न नसकी जीवनको त्यो दर्दनाक घाउलाई विसर्जन गर्नको लागि देवघाट नै रोजेको पनि देखियो । यसरी सारा जिन्दगीको पीडा जीवनको अन्तिममा एक साँघुरो कोठामा आएर थुपारिएको देख्दा कसको मन खिन्न नहोला र ?*

कतिपयका सन्तान हुँदाको अवस्थामा पनि आफ्ना छोरा बुहारी र छोरीबाट समेत अपहेलित भई अन्तिममा रोजाई उही देवघाट भएको स्थिति पनि यो समाजमा देखिएको छ ।

यसरी आफन्तसँगको पीडाबोध सहन नसकी जीवनको अन्तिम घडिमा देवघाट जानु कतिको उचित होला त यो हाम्रो जस्तो देशमा ? अनि के देवघाटले बृद्ध बृद्धाहरुलाई पर्याप्त स्याहार तथा रेखदेख गर्दछ त ? पक्कै पनि छैन । किनकी, जीवनमा कोही नभएकाले पनि बृद्धाश्रमको सहारा पाइने आशाले आफ्नो बाँकी रहेको सारा जीन्दगी त्यसैमा समर्पित गनुपर्ने बाध्यताका भुमरीहरु देख्दा जिन्दगीको यात्रा कता कता अनि कहाँ कहाँ जस्तो लाग्दछ ! यसै क्रममा देवघाटमा वसोवास गर्दै आइरहेकी एक बृद्ध महिला भन्छिन् “आफन्तबाट टाढिन पर्दाको अवस्थामा आफ्ना सन्तानहरुको मायाँ र ममता त हुन्छ नै तर के गर्ने यो जीवनको हरेक मोडमा बाध्यताका भूमरीहरु मडारिन्छन् अनि रिस र आवेगमा गन्तव्यस्थल नै यहि भयो, तैपनि मनमा खिन्नताले डेरा जमाउँछ र सोच्न थाल्दछु कि, आफ्नो जस्तो अर्को हुन्न, कम्वल जस्तो बर्को हुन्न ।”

यसो सोच्दा, हेर्नुहोस् त, कति कारुणिक कथा व्यथाहरु लुकेर बसेका छन् यसभित्र ! देवघाटको जिन्दगी पढ्दै जाँदा त्यहाँस्थित हरेक पात्रहरुका आ-आफ्नै फरक-फरक जिन्दगी छन् । कोही घरवार बिहीन, कसैका सन्तान नभएका, त कसैका काख रित्तिएका । कसैका सन्तान हुँदाहुँदै पनि अपहेलनाको जिन्दगी जिउन वाध्य भएर अन्तिममा विकल्प देवघाट भएको पनि पाइयो । अनि कतिका आफ्ना सन्तानले लगाएका ऋणको भारी बोक्न नसकी जीवनको त्यो दर्दनाक घाउलाई विसर्जन गर्नको लागि देवघाट नै रोजेको पनि देखियो । यसरी सारा जिन्दगीको पीडा जीवनको अन्तिममा एक साँघुरो कोठामा आएर थुपारिएको देख्दा कसको मन खिन्न नहोला र ? नीति बचनमा पनि भनिएको छ कि : “रिसाएको समयमा कहिल्यै उत्तर नदिनु, दुःखी भएको समयमा कहिल्यै कसम नखानु, अनि खुशि भएको समयमा कहिल्यै निर्णय नलिनु ।” तसर्थ, विभिन्न समस्याहरुको बाबजुद पनि सफल मानिसहरुको जिउने कला पृथक पृथक हुन्छ । कोही मानिसहरु अर्काको वचन सहन नसक्ने हुन्छन्, त्यसमा पनि जीवनको अन्तिम घडिमा सोचमा केही ह्रास अनि मनमा त्रासको वातावरण छाएको हुन्छ र त एकमात्र विकल्प रोजेका हुन्छन् ती पीडित आत्माहरुले देवघाटको सहारा ।

तसर्थ, यो समाजमा घरपरिवार सबैजना मिलेर बस्दा नै उचित हुन्छ । किनकी, जीवनभरीको संघर्षको कथा व्यथा बृद्ध आमा-बुवाहरुमा हुने भएकोले बुढेसकालमा अर्काको सहारामा जीवन जिउँदा आफन्तजस्तो पराई पक्कै पनि आफ्ना हुँदैनन् । जतिसुकै खाना र वस्नको सुविधा भएतापनि आफ्ना सन्तानको मायाले हरपल सताइ नै रहेको हुन्छ ती घरवार भएर पनि घरवारबिहीनहरुको आत्मालाई । अनि भनिन्छ नि “घर छोडी पराई, कहाँ पाउनु कराई” त्यसैले आज तपाई हामी सबैले सोच्नुपर्ने समय आएको छ कि, कुनैपनि व्यक्तिहरु जुनसुकै उमेरका किन नहुन् । सबै जना घर परिवारमा एक आपसमा मिलेर दुःख र सुखमा एक अर्काको सहारा बनि जिउनु नै असल जिन्दगीको एक पाटो हो । र एक सचेत नागरिकले आफ्ना त छँदैछन् । पराइलाई पनि सचेत गराई कोहि पनि बृद्धबृद्धालाई जीवनको अन्तिम घडिमा वृद्धाश्रममा जाननपर्ने वातावरण सिर्जित गर्नुपर्ने आज सबै युवाहरु र सचेत नागरिकहरुको दायित्व हो । यसरी नै यसोधा पराजुलीजस्ता बृद्ध आमाहरुको रोदन र हर्के बाको जस्तो सन्तान पीडाको दर्दनाक कथा कोहि पनि बन्न नपरोस् । यही नै कामना !

# शिक्षकहरुका लागि समावेशी ढाँचा तालिम



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, ३ साउन

दैलेखका शिक्षकहरुको लागि तीन दिने तालिम सम्पन्न भएको छ । विश्व शिक्षाको आर्थिक सहयोग तथा अपाङ्ग सशक्तिकरण केन्द्र सुर्खेतको आयोजनामा तालिम दैलेखको नारायण नगरपालिकामा सम्पन्न भएको हो ।

१ देखि ३ कक्षासम्मका कार्यगत सिमितता तथा अपाङ्गताका कारण पढाईमा कमजोर भएका बालबालिकाहरुको पठन र भाषिक सीपमा सुधार गर्ने तथा अपाङ्गता भएका बालबालिकाहरुलाई मूलधारका कक्षा कोठामा सक्रिय सहभागी गराइ रमाइलो तरिकाले पढाई प्रवर्द्धन गर्ने उदेश्यले तालिमको आयोजना गरिएको हो ।

अपाङ्ग सशक्तिकरण सुर्खेतका सिकाई नेपालमा उपलब्ध शैक्षिक सामग्रीहरुको पहुँचमा विस्तार कार्यक्रम अन्तर्गत तालिम सञ्चालन गरिएको प्रयोजनाका कार्यक्रम संयोजक खिम रेग्मीले बताए । नेपालमा उपलब्ध शैक्षिक सामग्रीहरुको पहुँचमा विस्तार कार्यक्रम अन्तर्गत दैलेख जिल्लाका दुईवटा स्रोत विद्यालय, डुङ्गेश्वर गाउँपालिकाका आठ वटा विद्यालय, दुल्लु नगरपालिकाका सात वटा विद्यालय र नारायण नगरपालिकाका १५ विद्यालय गरी ५६ जना शिक्षकलाई सिकाईको समावेशी ढाँचा सम्बन्धी तालिम दिएको उनले बताए ।

परियोजना सल्लाकार समितिको बैठकमा बोल्दै नारायण नगरपालिकाका मेयर लोमन शर्माले आगामी दिनमा यस्तो प्रकारको योजना समावेश गर्ने प्रतिवद्धता जनाए । शिक्षकहरुलाई तालिम सिकेका कुरा विद्यालमा गएर सिकाउन उनले आग्रह गरे ।

यस्तै उपप्रमुख तप्ताकुमारी थापा खड्काले यो तालिम सबै जनाले सिक्नुपर्ने र आगामी दिनमा नगरपालिकाले गर्न सक्ने सहयोग गर्ने बताइन् । तालिममा अपाङ्गताको परिचय, प्रकृति, वर्गिकरण, अपाङ्गताको कठिनाई स्तरको प्रारम्भिक पहिचान गरी बालबालिकाको आवश्यकताको आधारमा समावेशी शिक्षा तथा सिकाईको समावेशीकरण सम्बन्धी ढाँचाका सिद्धान्त र यसको प्रयोगमा शैक्षिक प्रविधि ९ उच्च प्रविधि, न्यून प्रविधि तथा स्थानीय सामग्रीको प्रयोग गरी शिक्षण सिकाई क्रियाकलापको सैद्धान्तिक, प्रयोगात्मक तथा परियोजना कार्यमा आधारित विषयबस्तुमा सहजीकरण गरिएको थियो ।

उक्त तालिममा डुङ्गेश्वर गाउँपालिका शिक्षा शाखाका अधिकृत मनबहादुर गौतम, दुल्लु नगरपालिकाका शिक्षा अधिकृत विकास जङ्गशाही र नारायण नगरपालिकास्थित रेडक्रसका वि.का सहायक प्रधानाध्यापक रामचन्द्र रेग्मीले सहजीकरण गरेका थिए ।

तालिममा दैलेखका तीस वटा विद्यालयलाई शैक्षिक सामग्री वितरण गरिएको थियो ।

सो अवसरमा नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष यज्ञराज थापा, नारायण नगरपालिका दैलेखका प्रमुख प्रशासकीय अधिकृत भक्तबहादुर मल्ल लगायत विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

# 'साउन २० गतेभित्र प्रदेशको नामकरण हुन्छ'

**विराटनगर/मस–** प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले साउन २० गतेभित्र प्रदेशको नामकरण हुने बताएका छन् । किरात राई यायोक्खाद्वारा आज आयोजित अनुसन्धानमूलक प्राज्ञिक पुस्तक 'किरात सभ्यता'को लोकार्पण गर्दै यो सबैभन्दा परानो सभ्यता भएकाले यसको आधारमा प्रदेशको नाम किरात राख्नुपर्ने बताए । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलले आफ्नो जिम्मेवारी बोध गरी सहमतिको आधारमा प्रदेशको नाम राख्न उनले आग्रह गरेका छन् ।

प्रदेश नं १ का सभामुख प्रदीपकुमार भण्डारीले प्रदेशको नामकरणका लागि साउन ६ गते सर्वदलीय बैठकको आयोजना गरी सहजीकरण गर्ने बताए । उनले दलहरुले देश र जनताका लागि दलीय स्वार्थभन्दा माथि उठी नामकरणमा सहमति कायम गर्नुपर्नेमा जोड दिए । सामाजिक विकासमन्त्री राजन राईले प्रदेशको नाम किरात राख्नु समय सान्दर्भिक रहेको छ भन्दै यसको अगाडि तथा पछाडि राखिने अन्य नामका सम्बन्धमा सकारात्मक पहल गर्ने विचार राखे । खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री रामकुमार राईले प्रदेशको नाम दल एवं नेताको प्रतिबद्धताअनुसार किरात हुनुपर्ने बताए । नेपाली कांग्रेसका सचेतक सूर्यमा राईले नेकां पहिचान विरोधी नरहेको प्रष्ट पार्दै प्रदेशको नामका सम्बन्धमा सम्पूर्ण आएका नामका सम्बन्धमा गम्भीररुपमा छलफल एवं समन्वयकारी भूमिका खेली सहमति कायम गरिने विश्वास व्यक्त गरे ।

**नियु स्कुटर (NIU Scooter) को अधिकतम बिक्री मुल्य MRP सम्बन्धि सुचना**

यस प्रा.लि.ले Niu International Co.Ltd बाट पैठारी गरेका न्यु स्कुटरहरुको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको ब्यहोरा सर्बसाधारणको जानकारीको लागि प्रकासन गरिएको छ।

| सि.न. | मालबस्तुको बिवरण | ब्रान्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | ईकाई | बिक्री मुल्य अधिकतम खुद्रा MRP |
|---|---|---|---|---|---|---|---|
| १ | Electric Scooter | NIU | MQI+ Sports | १५०० वाट | China | प्रति पिस | 2,76,000.00 |
| २ | Electric Scooter | NIU | NQI Sports | २४०० वाट | China | प्रति पिस | 3,48,000.00 |
| ३ | Electric Scooter | NIU | Gova 03 | २७०० वाट | China | प्रति पिस | 2,77,000.00 |
| ४ | Electric Scooter | NIU | Gova05 | १५०० वाट | China | प्रति पिस | 3,64,000.00 |
| ५ | Electric Scooter | NIU | NQIGTS | ३१०० वाट | China | प्रति पिस | 4,95,000.00 |
| ६ | Electric Scooter | NIU | MQIGT | ३१०० वाट | China | प्रति पिस | 4,75,000.00 |
| ७ | Electric Scooter | NIU | UQIGT | १५०० वाट | China | प्रति पिस | 2,76,000.00 |
| ८ | Electric Scooter | NIU | UQIM | ६०० वाट | China | प्रति पिस | 1,45,000.00 |

बिक्रेता फर्मको नामः इको इफिनिटी प्रा.लि. | स्थाइ लेखा नं. ६०४२८६३१०
ठेगानाः दरवारमार्ग , काठमाडौ | फोन नं. ०१४४४५८५४

**Malaysia मा रोजगार** 99 Speed Mart SB.

पूर्व स्वीकृती मितिः २०७९/०४/१९ चलानी नं. ६०१८३४९० LT No. : 267525

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Storage Worker | 100 | 0 | साधारण | 1500 | ४३,२०२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ्ग शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | नि:शुल्क |

अन्तरवार्त २०७९ श्रावण ११, १२ र १३ गते (27, 28 & 29 July, 2022) यस प्रा. लि. को कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबाजेश्वरमा सम्पर्क राख्नुहोला ।

**लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.**
महांकाल, बौद्ध, काठमाडौं, फोनः ०१-५२१००५६
श्रम इजाजत नं.: ५७६/०६२/६३

**मलेसियामा रोजगार**

१. कम्पनीः SRI LANANG PROTECTIVE SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०१/०२ चलानी नं.: ६०१७७९२९ L.T. No.: 261737 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 29 | 0 | स. काममा दक्ष | 1200 | ३४,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः CENTRAL SKILLS SDN BHD शहरःSELENGOR
पूर्व स्वीकृत मितिः २०७९/०३/२० चलानी नं.: ६०१८२५३२ L.T. No.:266492 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः KYOGI PRECISION (M) SDN BHD शहरःMALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०३/२० चलानी नं.: ६०१८२५३४ L.T. No.:266494 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः REAL PAPER BOARD SDN.BHD. शहर : JOHOR
पूर्व स्वीकृत मितिः २०७६/१०/२८ चलानी नं.: ६०१५१५६३ L.T. No.: 232755 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 16 | 0 | स. काममा दक्ष | 1200 | ३४,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनीः HUAT LAI BROILER BREEDERS SDN. BHD. शहरः MELAKE
पूर्व स्वीकृत मितिः २०७८/१२/१७ चलानी नं.: ६०१७७०३२ L.T. No.: 260858 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Worker | 18 | 0 | स. काममा दक्ष | 1200 | ३४,४०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन १० गते (26 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

**UAE मा बैदेशिक रोजगारको अवसर** | कम्पनीः DUSSMANN GULF LLC शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४६४ LT. No.: 267516

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 79 | 39 | स. काममा दक्ष | 800 | २७,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ११ गते (27 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- 4982553, E-mail : pro@anjalioverseas.com.np

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
धनगढी अस्पताल रोड शाखा, धनगढी उपमहानगरपालिका, कैलाली
सम्पर्क फोनः +९७७-०९१-५२५५६२/६३
NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री धनी भट्टको नाति, गौरी दत्त भट्टको छोरा, सुदूरपश्चिम प्रदेश बैतडी जिल्ला, दोगडाकेदार गाँउपालिका वडा नं. ४ हाल धनगढी - ८ बस्ने ४९ वर्षको श्री कमलापति भट्टको मिति २०७९/०२/१८ (ई.सं. ०१/०६/२०२२ ) मा मृत्यु भएकोले स्व. कमलापति भट्टकी पत्नी हाल धनगढी - ८ बस्ने श्रीमती जानकी भट्टले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको धनगढी अस्पताल रोड शाखा, धनगढी उपमहानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives | The Banker | ISO 9001 Certified Bank | CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
मगरागढी शाखा, बारबर्दिया नगरपालिका, बर्दिया
सम्पर्क फोनः +९७७-०८४-४०४१०१/४०४१०२
NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री ऋषिराम भुसालकी नातिनी, कृष्ण कुमार भुसालकी छोरी, लुम्बिनी प्रदेश बर्दिया जिल्ला, बारबर्दिया नगरपालिका वडा नं. ७ सिउँनिया बस्ने ५८ वर्षकी श्रीमती कुमारी रीता भुसालको मिति २०७९/०२/०८ (ई.सं. २२/०५/२०२२) मा मृत्यु भएकोले स्व. कुमारी रीता भुसालको छोरा हाल बारबर्दिया नगरपालिका वडा नं. ७ सिउँनिया बस्ने श्री सन्जीव रिजालले मृतकको एकलनाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मगरागढी शाखा, बारबर्दिया नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

CELEBRATING 24 Years of friendship for transforming lives | The Banker | ISO 9001 Certified Bank | CareEdge CARE-NP A-(Is)
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**साउदीमा रोजगार** | कम्पनीः ALI BIN MOHAMMED AL-HATHLOUL & PARTNER COMPANY शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४४२ LT. No.: 267582

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Washing And Lubricating Agent | 1 | 0 | स. काममा दक्ष | 1400 | ४७,५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ११ गते (27 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु. १०,०००/- रोजगारदाताले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 01-4592240, 4592241

**साउदीमा वैदेशिक रोजगारको अवसर**

१. कम्पनीः SASSI TRADING AND CONTRACTING COMPANY IS A ONE PERSON COMPANY शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०२/१२ चलानी नं.: ६०१७९७९० L.T. No.:263459 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 20 | 0 | स. काममा दक्ष | 1000 | ३३,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ११ गते (27 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**AL NASEER OVERSEAS PVT. LTD.** Gov. Lic No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

**MALAYSIA मा रोजगार**

१. कम्पनीः GUAN SENG PLASTIC INDUSTRIES SDN.BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४९३ LT. No.:267553

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः TOP EMPIRE SDN. BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४९४ LT. No.:267554

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 24 | 0 | स. काममा दक्ष | 1500 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः DDG GLASS MFG SDN BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४९१ LT. No.:267571

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 60 | 0 | स. काममा दक्ष | 1500 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः SIMEWOOD PRODUCT SDN. BHD शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४९२ LT. No.:267569

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | स. काममा दक्ष | 1500 | ४३,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

